# नेपाल राजपत्र

## भाग ४

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं, भदौ २४ गते २०३१ साल

श्री ५ को सरकार
भूमिसुधार मन्त्रालय
नापी विभागको
सूचना

निजामती सेवा नियमावली (संशोधन सहित) २०२१ को नियम ८. २ खण्ड (ग) ले दिएको अधिकार प्रयोग गरी तल सहिछाप गर्ने अधिकारीले १ नं. नापी गोश्वाराका टोली प्रमुख (रा. प. अनं. प्रथम श्रेणी प्रा. विविध) श्री सूर्यबहादुर बस्नेतलाई मिति २०३१।२।६ देखि नापी अधिकृत (रा. प. तृ. श्रे. प्रा. विविध सेवा) पदमा का. मु. मुकरर गरेको छ।

अर्जुनबहादुर बस्न्यात
निर्देशक

632



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

श्री ५ को सरकार

# भूमिसुधार मन्त्रालय
# भूमिविभागको
# सूचना

यस विभाग अन्तर्गत भूमिप्रशासन कार्यालय, सुनसरीका भूमिप्रशासक श्री टंकनिधि तिवारी धनुषा विशेष अदालतमा काजमा जानुभएकोले उहाँ हाजिर नभएसम्मको लागि सो पदमा निजामती सेवा नियमावली, २०२१ को नियम ८.२ को खण्ड (ग) ले दिएको अधिकार प्रयोग गरी तल सहीछाप गर्ने अधिकारीले सोही कार्यालयका शाखा अधिकृत श्री नारायणप्रसाद पराजुलीलाई मिति २०३१।४।३२ देखि कायम मुकायम मुकरर गरेको छ ।

भेषराज शर्मा
निर्देशक

834

मुद्रण विभाग, सिंहदरबार
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।